नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

आर्थिक वर्ष २०८३/०८४ को प्रथम त्रैमासिक स्वतः प्रकाशन विवरण

(प्रकाशन अवधिः २०८३ श्रावण १ गतेदेखि २०८३ असोज मसान्तसम्म)

१. प्रतिष्ठानको स्वरूप, प्रकृति तथा पृष्ठभूमि

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (NAVT) युवा, श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिको केन्द्रिय कार्यालयको रूपमा सञ्चालनमा रहेको संस्था हो। प्रतिष्ठानको केन्द्रीय कार्यालय भैंसेपाटी, ललितपुरमा रहेको छ। यसको कार्यक्षेत्र व्यावसायिक तथा सीप विकास तालिम, सीप अभिवृद्धि, उद्यमशीलता विकास, प्रशिक्षक प्रशिक्षण, कार्यस्थलमा आधारित तालिम/अप्रेन्टिसिप तालिम तथा जि टु जि माध्यमबाट वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि पूर्वप्रस्थान अभिमुखीकरण (PDOT) लगायतका कार्यक्रमसँग सम्बन्धित छ।

प्रतिष्ठानको दीर्घकालीन सोच श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सीपयुक्त र उत्पादनशील मानव संसाधन विकास गरी रोजगारीका अवसर सिर्जना, असल श्रम सम्बन्ध तथा सामाजिक सुरक्षामार्फत सामाजिक न्यायसहितको आर्थिक विकासमा योगदान पुऱ्याउनु हो। प्रतिष्ठानको लक्ष्य व्यावसायिक तथा सीप विकास तालिममार्फत श्रमयोग्य जनशक्तिका लागि रोजगारीका अवसर सिर्जना गरी नागरिकको आयस्तरमा सुधार गर्नु हो।

२. प्रतिष्ठानका प्रमुख काम, कर्तव्य तथा सेवा

- श्रम बजारको मागअनुसार आधारभूत (Basic) तथा सीप अभिवृद्धि (Advanced) तालिम सञ्चालन गर्ने।
- उद्यमशीलता विकास तालिममार्फत तालिम प्राप्त जनशक्तिलाई स्वरोजगार तथा उद्यम सञ्चालनमा सहयोग गर्ने।
- प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रम सञ्चालन तथा प्रशिक्षक/मूल्याङ्कनकर्ताको रोस्टर व्यवस्थापन गर्ने।
- कार्यस्थलमा आधारित तालिम तथा अप्रेन्टिसिपमार्फत रोजगारदातासँग सहकार्य गरी सीप र रोजगारीबीच सम्बन्ध स्थापित गर्ने।
- सीप परीक्षण तथा प्रमाणीकरण गर्ने।
- जि टु जि माध्यमबाट वैदेशिक रोजगारीमा जाने श्रमिकलाई आवश्यक पूर्वप्रस्थान अभिमुखीकरण (PDOT) प्रदान गर्ने।
- श्रम बजारको आवश्यकता अनुसार तालिम पाठ्यक्रम, प्रशिक्षण सामग्री तथा सीप विकाससम्बन्धी कार्यक्रम विकास गर्ने।

शाखा अधिकृत

३. तालिमका विषय तथा सेवा प्रवाह

हाल प्रतिष्ठानको आफ्नै प्रयोगशालामा ब्युटिपार्लर (श्रृङ्गार), सिलाई/कटाई, विद्युत जडान, अटोमोबाइल मर्मत तथा प्लम्बिङ्ग सम्बन्धी विषयमा आधारभूत सीपमूलक तथा सीप अभिवृद्धि तालिम सञ्चालन हुने गरेका छन्। तालिमको विषय, अवधि, योग्यता, आवेदन प्रक्रिया, शुल्क तथा छनोटका शर्तहरू सम्बन्धित कार्यक्रमको सूचनामा तोकिएबमोजिम हुन्छन्।

तालिम आवेदन, प्रशिक्षार्थी छनोट, प्रशिक्षक सूचीकरण, सीप परीक्षण तथा PDOT सम्बन्धी अद्यावधिक सूचना प्रतिष्ठानको वेबसाइटमा प्रकाशन गरिन्छ।

४. संगठन, नेतृत्व तथा सूचना अधिकारी

- प्रतिष्ठानको कार्यकारी निर्देशक - गुणानन्द झा,
- निर्देशक - चण्डिका पौडेल, टेलिफोन - ०१-५५९०८०१, इमेल - director@navt.gov.np,
- सूचना अधिकारी - सुशिला मरासिनी (शाखा अधिकृत) मोबाइल नम्बर – ९८५१४०७७८७
- कार्यालयको ठेगानाः ललितपुर म.न.पा.- वडा नं. २५, भैंसेपाटी, ललितपुर।
- वेबसाइटः https://navt.gov.np।

५. प्रथम त्रैमासिक अवधिमा सम्पन्न प्रमुख कार्यक्रम तथा उपलब्धि

५.१ प्रतिष्ठानको प्रयोगशालामा एड्भान्स सीपमूलक तालिम

एड्भान्स तालिम अन्तर्गत प्रथम त्रैमासिक लक्ष्य ६० जना रहेकोमा ६७ जनाले तालिम प्राप्त गरेका छन्। लक्ष्यको तुलनामा १११.६७ प्रतिशत भौतिक प्रगति भएको छ।

५.२ सीप परीक्षण कार्यक्रम

वार्षिक लक्ष्य १,२०० जना रहेको सीप परीक्षण कार्यक्रमको तयारीका क्रममा राष्ट्रिय सीप परीक्षण समिति (NSTB) सँग समझदारीपत्र (MoU) सम्पन्न भएको छ। परीक्षार्थीको विवरण सङ्कलनको कार्य भईरहेको छ।

५.३ आधारभूत तथा सीप अभिवृद्धि तालिम

प्रतिष्ठानको आफ्नै प्रयोगशालामा आधारभूत तालिमको वार्षिक लक्ष्य २०० जना रहेकोमा प्लम्बिङ विषयमा २० जना प्रशिक्षार्थी छनोट गरिएको छ।

५.४ प्रशिक्षक प्रशिक्षण तथा पाठ्यक्रम विकास

प्रशिक्षक प्रशिक्षण (ToT) का लागि वार्षिक लक्ष्य ६० जना रहेको र प्रशिक्षकहरूको रोस्टर तयार गरिएको छ। श्रम बजारको मागअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आवश्यक पाँचवटा पाठ्यक्रम निर्माणको प्रक्रियामा रहेको छ।

५.५ कार्यस्थलमा आधारित तालिम तथा अप्रेन्टिसिप

कार्यस्थलमा आधारित तालिमतर्फ रोजगारदाताहरुबाट सहभागीका लागि माग प्राप्त भएको छ।

शाखा अधिकृत

५.६ EPS तथा इजरायल PDOT

समीक्षा अवधिमा EPS कार्यक्रमअन्तर्गत १,२०० जनाको तथा इजरायलसम्बन्धी पूर्वप्रस्थान अभिमुखीकरण (PDOT) कार्यक्रममा ८२८ जनाले अभिमुखीकरण प्राप्त गरेका छन्। इजरायल PDOT अनलाइन माध्यमबाट निःशुल्क सञ्चालन/परीक्षण गर्ने सम्बन्धमा सम्झौता कार्यादेश छ।

६. बजेट विनियोजन तथा खर्च प्रगति

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विनियोजन र प्रथम त्रैमासिक खर्चको विवरण (रु. मा):

बजेट शीर्षक	वार्षिक विनियोजन	त्रैमासिक खर्च	खर्च %
चालु	२९,३८,१७,९५०	६२,६५,७६६	२%
पुँजीगत	१,४३,३१,०००	०	०%
ईपीएस कोरिया	६,४२,८९,७९९	१,१२,७५,७४५	१७.५३%
सामी कार्यक्रम	२८,५०,०००	०	०%

७. लागू हुने प्रमुख कानुनी तथा नीतिगत आधार

प्रतिष्ठानको कामकारबाहीसँग सम्बन्धित कानुनहरुमा मुख्यत: राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२ साथै तालिम, सीप परीक्षण, सार्वजनिक वित्त व्यवस्थापन र खरिदसम्बन्धी प्रचलित कानुन/कार्यविधिहरु पर्दछन्।

२०८३।०६।२०

सुशीला मरासिनी

(शाखा अधिकृत)

शाखा अधिकृत